**बैंठक संख्या : ६२ मिती : २०७६।०७।२९ गते समय : साझ ३ : ०० बजे**

**बैठक संख्या : ६२ स्थान : राप्ती नगरपालिका**

**मिती : २०७६।०७।२९ गते समय : साझ ३ : ०० बजे**

यस राप्ती नगरपालिका , नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**<u>उपस्थिति</u>**

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

क.अ. श्री रमेश चौधरी

**बैंठक संख्या : ६२ मिती : २०७६।०७।२९ गते समय : साझ ३ : ०० बजे**

**प्रस्तावहरु**

१. स्वीस सरकार समेतको लागत सहभागिता संचालन गर्ने योजना स्वीकृत गर्ने सम्बन्धमा ।

२. योजनामा बजेट विनियोजन गर्ने सम्बन्धमा ।

३. राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समितिको २०७७।०७८ को योजना माग सम्बन्धमा

४. इट्टा उद्योगको लागी माटोको शुल्क लिने सम्बन्धमा ।

५. आ ले प शाखा गठन र आ.ले.प. गर्ने सम्बन्धमा ।

६. राप्ती-८ पम्पापुल तलको स्थानमा तटबन्धनको लागि प्राथमिकता दिने सम्बन्धमा ।

७. घ वर्गको इजाजत पत्र दिने सम्बन्धमा ।

८. योजनाको प्रस्ताव पठाउने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा नेपाल सरकार स्वीस सरकार यस नगरपालिका स्थानीय उपभोक्ता समेतको लागत सहभागितामा राप्ती नगरपालिकामा चालु आ.व. मा संचालन गर्ने योजना तथा कार्यक्रमहरु नगरपालिकाबाट र स्वीस सरकारको तर्फबाट गरिएका प्राविधिक समेतबाट संयुक्त रुपमा गरिएको अनुगमन समेतको आधारमा देहायका योजनाहरु स्वीकृत गरी प्राविधिकबाट तयार गरिएको लगत इष्टिमेट बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| **Inner Streams Embankment Protection** | | | |
| 1 | Dhungre Inner stream Protection | Rapti -6 | |
| 2 | Pampha Inner stream Protection | Rapti -7 | |
| 3 | Chytra Inner stream Potection | Rapti - 8 | |
| 4 | Bagar Inner stream Protection | Rapti- 4 | |
| 5 | Gheghari Khola Innerstream Protection | Rapri -3 | |
| 6 | ladara Inner stream Protection | Rapti -9 | |
| 7 | Lothar Inner stream Protection | Rapti - 12 | |
| 8 | Surdevi ghol Inner stream Protection | Rapti -2 | |
| **Irrigation Scheme** | | | |
| 1 | Mudabaar Kulo(mudabhar brnch and gangate branch) | Rapti -6 | |
| 2 | Hardi Kulo - sahadev sedhai ko ghar nera | Rapti -6 | |
| 3 | kalitar Kulo | Rapti - 13 | |
| 4 | Khahare kulo (both left and right bank) | Rapti - 5 | |
| 5 | Daitye Kulo | Rapti -7 | |
| 7 | Padariya Kulo | Rapti -6 | |
| 8 | Chytra kali kulo | Rapti -7 | |
| 9 | Bagar Kulo | Rapti- 2 | |
| 10 | Chautara Kulo | Rapti - 8 | |

बैंठक संख्या : ६२ मिती : २०७६।०७।२९ गते समय : साझ ३ : ०० बजे

| | | | |
|---|---|---|---|
| **Lothar Rapti Dyke and Spur Maintenance** | | | |
| 1 | Maintenance of Spur at Girija Ghat along Lothar Rapti Dyke | Rapti | |
| 2 | Maintenance of Launching apron at mudabar Kulo along Lothar Rapti Dyke | Rapti | |
| 3 | Construction/Maintenance of Spur, Dyke, and Launching apron along Lothar Rapti Dyke | Rapti | |
| 4 | Dyke Height Raising from km 4 | Rapti | |
| 5 | Dyke Height Raising from km 8 | Rapti | |
| **Sabo Dam** | | | |
| **1** | Check Dam construction at kalitar | Rapti -13 | |
| 2 | Check dam Construction at Martal (Bhimsen dhal, martal ) - 2 nos. | Rapti -11 | |
| 3 | Checkdam and river training at Koraktar | Rapti - 12 | |
| 4 | Checkdam Construction at pampa Khola - 2 nos | Rapti - 10 | |
| 5 | Checkdam Construction at Sukhha Khola | Rapti - 9 | |
| 6 | Gangarchock Khola galethi checkdam | Rapti -11 | |
| **Inner Streams Embankment Protection** | | | |
| 1 | Dhungre inner stream protection | Rapti -6 | |
| 2 | Pampha inner stream Protection | Rapti -7 | |
| 3 | Chytra Innerstream Potection | Rapti - 8 | |
| 4 | Khahare innerstream Protection | Rapti- 4 | |
| 5 | Gheghari Khola Innerstream Protection | Rapri -3 | |
| 6 | ladara innerstream Protection | Rapti -9 | |
| 7 | Lothar innerstream | rapti - 13 /12 | |
| 8 | Surdevi ghol innerstream protection | Rapti -2 | |
| **Irrigation Scheme** | | | |
| 1 | Mudabaar Kulo(mudabhar brnch and gangate branch) | Rapti -6 | |
| 2 | Hardi Kulo - sahadev sedhai ko ghar nera | Rapti -6 | |
| 3 | kalitar Kulo | Rapto - 13 | |
| 4 | padariya Kulo | rapti - 6 | |
| 5 | Daitye Kulo | Rapti -7 | |
| 7 | Khahare kulo (both left and right bank) | Rapti -5 | |
| 8 | Chytra kali kulo | Rapti -9 | |
| **Water Shed Management** | | | |
| 1 | Blostering /toe wall/ bio-engineering at Ratopairo | Rapti -10 | |
| 2 | Wing wall lengthen/rive-router bank protection/bio - engineering | Rapti -10 | |
| 3 | Bedbar at pamphakhola and Bio engineering | Rapti -10 | |
| 4 | Bioengineering and river side protection works | Rapti - 8 | |
| 5 | Conservation of lothar khola bank | Rpati -11 | |
| | | | |

**बैंठक संख्या : ६२                    मिती : २०७६।०७।२९ गते समय      : साझ ३ : ०० बजे**

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा राप्ती नगरपालिकाको पाचौ नगरसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रममा छुट भएका तर तत्काल योजना संचालनमा पर्न आवश्यकता देखिएका देहायका योजनामा देहाय बमोजिम रकम नगरको कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो

१. सवारी साधन खरिद विज्जम स्कुल राप्ती-२   -रु.५,००,०००।-
२. चौधरी सामुदायिक भवन निर्माण राप्ती – ७   -रु.५,००,०००।-
३. जनआदर्श क्याम्पस भवन निर्माण राप्ती – ७   -रु.१५,००,०००।   –
४. बडहराको बोरिङ राप्ती – ८   – रु १,००,०००।
५. ब्रम्ह नगरको बोरिङ पाइपलाइन राप्ती – ८   – रु. १,५०,०००।–

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा राष्ट्रपति चुरे तराइ मेधश संरक्षण समितिबाट आ.व. ०७६/७८ मा संचालन गर्न आवश्यक योजना छनौट गरी पठाइ दिन माग भइ आएकोले वडाबाट माग गरी योजनाहरु संचालन गरी दिन सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा प्रदेश सभाबाट पारित आर्थिक ऐन २०७६ को अनुसूची-५ मा धेरै मात्रामा माटो प्रयोग  हुने उद्योग जस्तै इट्टा उद्योगहरुलाई उद्योगको क्षमताका आधारमा सम्बन्धित स्थानीय तहले वार्षिक रुपमा शुल्क निर्धारण  गर्न सक्नेछ र यसरी वार्षिक रुपमा शुल्क निर्धारण गर्दा जोडीएको स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गर्नु पर्नेछ भन्ने भएकोले र खैरहनी नगरपालिकामा मिति २०७६।०७।२७ मा बसेको बैंठकबाट भएको सिफारिस समेतको आधारमा राप्ती नगरपालिका भित्र संचालित इट्टा भट्टाहरुका माटो लैजाने सम्बन्धमा देहाय बमोजिम वार्षिक शुल्क लिने निर्णय गरियो ।

१. Natural Draft अटोमेटिकल रुपमा माथिबाट धुँवा फाल्ने इट्टा उद्योगको कच्चा पदार्थ माटोको लागि वार्षिक रु १२५०००। एक लाख पच्चीस हजार मात्र शुल्क लिने ।
२. Force Draft पंखाबाट हावा तानेर फाल्ने इट्टा उद्योगको कच्चा पदार्थ माटोको लागि वार्षिक रु १७५०००। एक लाख पचहत्तर हजार मात्र शुल्क लिने ।
३. उपरोक्त अनुसार तोकीएको शुल्क उद्योगको नविकरण गर्दा कै अवस्थामा सम्बन्धित उद्योगले नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

**बैंठक संख्या : ६२ मिती : २०७६।०७।२९ गते समय : साझ ३ : ०० बजे**

**<u>निर्णय नं. ५</u>**

प्रस्ताव नं ५ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ को उपदफा १ मा स्थानीय तहले आफ्नो आय व्ययको अन्तिम लेखा परिक्षण महालेखा परीक्षकबाट गराउन पर्दछ भन्ने उल्लेख छ त्यस्तै उपदफा २ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्यायको आन्तरिक लेखा परीक्षक गराउन पर्ने छ भन्ने उल्लेख छ । गत आ.व. हरुमा को ले नी का बाट सवै श्रेस्ताको आन्तरिक लेखा परीक्षण भएकोमा यस पटक संघीय सरकारबाट प्राप्त बजेटको मात्र आन्तारिक लेखा परिक्षण गर्न मिल्ने भनि सोही बमोजिम मात्र आन्तारिक लेखा परिक्षणले बाँकी बजेटको स्रेस्ता आन्तारिक लेखा परिक्षण गर्न को ले नि का बाट सम्भव नभएमा राप्ती नगरपालिकामा एक आ ले पा शाखा गठन गरी शाखामा लेखा तर्फका कर्मचारी खटाइ गत आ.व. को बाँकी श्रेस्ताको आ ले प गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा राप्ती-८ पम्पापुल तलको स्थानमा दुवै तर्फ तटबन्धन गर्नको लागि प्रदेश सरकार/स्वीस सरकार/संघीय सरकार आदीबाट प्राप्त हुने कुनै पनि मिल्दो शीर्षकबाट बजेट माग गरी कार्यान्वयन गर्न मुख्य प्राथमिकता दिने प्रतिवद्धताको निर्णय गरियो ।

**<u>निर्णय नं. ७</u>**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ को बुदा ३ बमोजिम इजाजत पत्र दिदा कार्यपालिकाको निर्णयबाट प्रदान गर्नुपर्ने व्यवस्था भएको तर विविध कारणले निम्न २ वटा निर्माण व्यवसायीहरुलाई कार्यपालिका बैठकबाट इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

१. जय गढीमाइ निर्माण कन्स्ट्रक्सन राप्ती - ६
२. महाकाली देवी कन्स्ट्रक्सन राप्ती - ९

**<u>निर्णय नं. ८</u>**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्रदेश सरकार भूमी व्यवस्था कृषी तथा सहकारी मन्त्रालय, कृषी विकास निर्देशानालय प्रदेश नं. ३ द्धारा प्रकाशित सूचना अनुसार यस नगरपालिका भित्र एकीकृत नमुना बस्ती तथा कृषी पर्यटन कार्यक्रमको लागि आव्हान गरिएकोमा यस नगरपालिकाको तर्फबाट आवश्यक समपूरक रकम राख्रे प्रतिबद्धता सहित एक करोड पचास लाख सम्मको प्रस्ताव कृषी विकास निर्देशनालय पठाउने निर्णय गरियो ।